# राष्ट्रिय स्वास्थ्य सञ्चार नीति

## २०६९

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

रामशाहपथ, काठमाडौं

मा. विद्याधर मल्लिक
स्वास्थ्य तथा जनसंख्या मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको
नीजि सचिवालय
रामशाहपथ, काठमाडौँ, नेपाल ।
फोन : ४-२६२५३४
फ्याक्स : ४-२६२५६५

पत्र संख्या :-
चलानी नं. :-

मिति : ..........................

विषय :-

## दुई शब्द

नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा पाउने र आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने नेपाली नागरिकको मौलिक हकको रुपमा व्यवस्था गरेको छ। त्यस्ता सूचनाहरुमा स्वास्थ्य सन्देश वा सूचना पनि पर्दछन्। यस सन्दर्भमा, नेपाली नागरिकको सूचना सम्बन्धी मौलिक हकलाई सम्बोधन गर्न तथा स्वास्थ्य सूचना सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा सहयोग गर्नका लागि सरोकारवाला निकाय वा संघसंस्थाहरुले संचालन गर्ने स्वास्थ्यसँग सम्बन्धित संचार क्रियाकलापहरुलाई एकीकृत, अद्यावधिक, व्यवस्थित र प्रभावकारी बनाउन पारदर्शी स्वास्थ्य संचार नीति तर्जुमा गरी लागु गर्नु आवश्यक भएकोले नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ ल्याएको छ।

जीवनोपयोगी स्वास्थ्य शिक्षाको बारेमा उमेर र आवश्यकता अनुसारको शिक्षाको अभाव महशुस भएको, स्वास्थ्यसम्बन्धी सञ्चार अभियानमा पर्याप्त मात्रामा वहुसञ्चार माध्यम र विधि अपनाउन नसकिएको, स्वास्थ्यलाई हानिकारक, भ्रामक वा अतिरञ्जित केही सन्देश वा सूचनाहरु जथाभावी प्रचार प्रसार भएको र स्वास्थ्य सन्देश वा सूचना प्रचार प्रसारका लागि सबै संचार माध्यमहरुलाई समानुपातिक रुपमा प्रयोग गर्न नसकिएको अवस्थामा यी सबै समस्या र चुनौतीहरुलाई सम्बोधन गर्न राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ कोशेढुंगा सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु।

सबै नेपाली नागरिकको घरदैलोसम्म निरन्तर गुणस्तरीय स्वास्थ्य सन्देश वा सूचना प्रवाह गर्नमा यो नीति सफल हुनेछ भन्दै यो राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ लाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि सहयोग गर्न सबै सरोकारवाला सरकारी, गैह्रसरकारी, निजी, बाह्य विकासका साझेदार संघसंस्थाहरु, संयुक्त राष्ट्र संघका निकाय, संचार माध्यमहरु, पत्रकार, स्वास्थ्यकर्मी, राजनैतिक व्यक्तित्व, उद्योगी, व्यवसायी र सम्बन्धित अन्य निकाय वा संघसंस्थाहरुलाई अपील गर्दछु।

अन्तमा, यो नीति तर्जुमा गरी कार्यान्वयनको अवस्थासम्म ल्याउन सहयोग गर्ने सम्पूर्ण पदाधिकारी तथा संघसंस्थाहरुलाई धन्यवाद दिन चाहन्छु।

.......................................
**मा. विद्याधर मल्लिक**
**मन्त्री**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-
पत्र संख्या
चलानी नं. :-

मिति :- २०६९।१२।३०

विषय :- **दुई शब्द**

नेपालको स्वास्थ्य क्षेत्र कार्यक्रम-२, २०१०-२०१५ अनुसार आधारभूत स्वास्थ्य सेवालाई अझ सुधार गरी स्वास्थ्य सेवामा जनताको पहूँच र उपयोग वृद्धि गर्ने, सेवाको पहूँच बढाउन बाधा अड्चनहरु घटाउने र स्वास्थ्य पद्धति सुदृढिकरण गर्ने कार्यहरु नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निरन्तर रुपमा गर्दै आएको छ । यस कार्यक्रमले स्वास्थ्य शिक्षा तथा संचारलाई पनि महत्व दिएको छ ।

हाल नसर्ने रोग खासगरी मुटुरोग (२५%), क्यान्सर (११%), जीर्ण श्वास प्रश्वास (५%), मधुमेह (२%) र अन्य नसर्ने रोगहरु (८%) को कारणबाट ५१ प्रतिशत मानिसहरुको मृत्यु हुने गरेको छ। त्यसैगरी करीब ४२ प्रतिशत सरुवा र अन्य अवस्था तथा ७ प्रतिशत मानिसहरुको चोटपटकका कारण मृत्यु हुने गरेको छ। यस प्रकारको मृत्युदरलाई घटाउन पनि स्वास्थ्य प्रबर्द्धन र संचारको महत्वपूर्ण योगदान रहन्छ । यसर्थ सरुवा तथा नसर्ने रोगहरु रोकथाम र स्वास्थ्य सेवा तथा कार्यक्रमहरुको प्रवर्द्धन गर्न स्वास्थ्य सन्देश वा सूचनाको प्रचार प्रसारका लागि सबै सञ्चार माध्यमहरुको प्रयोग गर्न यो नीति प्रभावकारी हुनेछ भन्ने मलाई विश्वास लागेको छ ।

स्वास्थ्य सेवाको पहूँच नभएका दुर्गम गाउँमा बस्ने तथा भौगोलिक, जातीय, लैंगिक हिसाबले पछाडि परेका वा पारिएका जनमानस एवं गरीव र सीमान्तकृत नागरिकको आवश्यकतालाई सम्वोधन गर्ने गरी स्वास्थ्य सञ्चार सन्देश वा सूचना र सामग्री विकास, उत्पादन र प्रचार प्रसार गर्नु जरुरी छ। यसका लागि स्वास्थ्य सम्वन्धी सन्देश वा सूचना प्रवाह गर्ने सरकारी, गैरसरकारी र निजी सञ्चार माध्यमहरुको अहम् भूमिका हुन्छ । यस सन्दर्भमा सरोकारवाला निकाय वा संघसंस्थाहरुले संचालन गर्ने स्वास्थ्यसँग सम्बन्धित संचार क्रियाकलापहरुलाई व्यवस्थित, पारदर्शी र नीतिसंगत बनाउन पनि एउटा नीतिको आवश्यकता भएकोले यो राष्ट्रिय स्वास्थय संचार नीति, २०६९ पारित भै लागु भएको छ ।

अन्तमा, राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ तर्जुमा गर्न सहयोग गर्नु हुने सबै सरोकारवाला महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै यस नीति अनुरुप स्वास्थ्य प्रबर्द्धन, शिक्षा र संचार कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न र सोका लागि आवश्यक सहयोग गर्न समेत सम्बन्धित सवै सरोकारवालाहरुलाई अनुरोध गर्दछु ।

(डा. प्रवीण मिश्र)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

चलानी नम्बरः-

मिति : ..............................

## मन्तव्य

स्वास्थ्य सेवा र कार्यक्रमहरुका लागि स्वास्थ्य प्रबर्द्धन, शिक्षा र संचारलाई नभई नहुने महत्वपूर्ण विषय (Cross Cutting Issue) को रुपमा पहिचान र स्वीकार गरिएको छ । सबै स्वास्थ्य सेवा र कार्यक्रमहरुको सन्देश वा सूचनाहरुलाई एकीकृत रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले व्यवस्थित र प्रवाह गरिरहेको छ । यस परिप्रेक्षमा स्वास्थ्य संचार कार्यक्रमहरुलाई समयानुकूल नीतिगत रुपमा सुदृढीकरण गर्न र प्रभावकारी बनाउन आवश्यक भएकोले राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ आएको छ ।

ठोस र स्पष्ट राष्ट्रिय स्वास्थ्य संचार नीतिको अभावमा स्वास्थ्य प्रवर्द्धनका लागि सूचना तथा सन्देशहरु स्थानीय स्तरसम्म खासगरी सेवाको पहुँच नभएका वर्गमा पर्याप्त रुपमा नपुगीरहेको अवस्थामा राष्ट्रिय स्वास्थ्य संचार नीतिले त्यो वर्गसम्म पर्याप्त रुपमा स्वास्थ्य सन्देश र सामग्री पुऱ्याउन सहयोग गर्छ । साथै यो नीतिले स्वास्थ्य सम्बन्धी विभिन्न निकायबाट उत्पादन एवं प्रचारप्रसार हुने सन्देश वा सूचना वा सामग्री र कार्यक्रमहरुमा गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरुपता र उपयुक्तता कायम गर्न सहयोग गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ ले स्वास्थ्य संचार सम्बन्धी काम गर्ने सबै सरोकारवालाहरुलाई एउटै छातामुनी ल्याउन मार्ग प्रशस्त गरेको छ । यसर्थ यो नीतिको लक्ष्य, उद्देश्य र नीतिहरु अनुरुप स्वास्थ्य संचार सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछु ।

अन्तमा, यो नीति निर्माणमा सहभागी हुनु भएका सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै यो नीतिलाई स्वास्थ्य संचार क्षेत्रमा प्रभावकारी समन्वय र सहकार्यको विकास गर्ने अवसरको रुपमा लिनु पर्ने कुरामा जोड दिन चाहन्छु ।

..............................................
डा.मिङ्मार ग्याल्जेन शेर्पा
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२५४२७१
४-२५४६१३
४-२५४३५०
फ्याक्स: ४-२६१३८७
Email: hellis@wlink.com.np
Website: www.nheicc.gov.np

# राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

प.सं. : २०६९/०७० पचली, टेकु
च.नं. : ........... काठमाडौं, नेपाल

## सम्मति

मिति :..........................

जनस्वास्थ्य सेवा र कार्यक्रमहरुमा स्वास्थ्य संचार एक महत्वपूर्ण कार्यक्रमको रुपमा रही आएको छ । नेपालमा स्वास्थ्य संचार कार्यक्रमको शुभारम्भ प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवाको शुरुवात संगै सन् १९५७ मा भएको हो । सन् १९६१ मा स्वास्थ्य शिक्षा शाखाको स्थापना गर्नु स्वास्थ्य सञ्चारलाई संस्थागत गर्ने प्रक्रियाको दोश्रो पाईला थियो ।

सन १९९३ मा स्वास्थ्य प्रवर्द्धन र सञ्चार कार्यक्रमहरुलाई एकीकृत र प्रभावकारी रुपमा योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको केन्द्रबिन्दुको रुपमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको स्थापना भई स्वास्थ्य संचारले विकासको गति लिएको हो । स्वास्थ्य सम्बन्धी विभिन्न योजना, नीति, रणनीति तथा कार्यक्रमहरुले स्वास्थ्य संचार कार्यक्रमहरुलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा लिएको परिप्रेक्ष्यमा एउटा ठोस संचार नीतिको खाँचो महशुस भैरहेको थियो । यसलाई सम्बोधन गर्ने गरी राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९ आएको छ ।

आधारभूत स्वास्थ्य सेवा तथा कार्यक्रमहरुको महत्व र प्रभावकारिता बढाउन, नेपाली जनताको सन्देश वा सूचना पाउने हक सुनिश्चित गर्न र स्वस्थ व्यवहार प्रबर्द्धन गर्न स्वास्थ्य सम्बन्धी सन्देश वा सूचना आम, अन्तरव्यक्ति र सामाजिक संचारका सबै माध्यमहरुबाट समानुपातिक रुपमा प्रचार प्रसार गर्नु अपरिहार्य हुन्छ । यसका लागि राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९ ले स्वास्थ्य प्रबर्द्धन, शिक्षा र संचारको क्षेत्रमा काम गर्ने सवै सरोकारवालाहरुका लागि सकारात्मक वातावरण सिर्जना गरेको छ ।

स्वास्थ्य सेवा र कार्यक्रमहरुको प्रवर्द्धन, पहूँच एवं उपयोग बृद्धि गर्नका लागि सही, एकरुप, आधिकारिक र उपयुक्त स्वास्थ्य सन्देश वा सूचनाहरुलाई उपयुक्त समय र माध्यमबाट लक्षित समूहसम्म प्रभावकारी रुपमा सम्प्रेषण गर्न सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ । एउटा ठोस नीतिको अभावमा विभिन्न सरोकारवाला निकायहरुबाट उत्पादन एवं प्रचारप्रसार हुने सन्देश वा सूचना वा सामग्री र कार्यक्रमहरूमा गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरूपता र उपयुक्तता कायम गर्ने सन्दर्भमा समस्या महशुस भएको थियो । यस सन्दर्भमा राष्ट्रिय स्वास्थ्य संचार नीतिको आवश्यकता र स्वास्थ्य संचार सम्बन्धी समस्यालाई सम्बोधन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६९।०८।२९ को बैठकले राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ स्वीकृत गरी लागु गरेको छ ।

स्वास्थ्य संचार नीति निर्माण कार्यदलका सम्पूर्ण पदाधिकारीहरु, JHU/CCP, WHO, UNICEF, USAID, UNFPA, NHSSP/DFID Save the Children, GIZ, NFHP, अन्य बाह्य विकासका साझेदार संघसंस्थाहरु, अन्य सरकारी तथा गैह्रसरकारी निकायहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागका महाशाखाहरु, औषधी व्यवस्था विभाग, आयुर्वेद विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरु तथा अन्य स्वास्थ्य संस्थाहरुको सहयोग र योगदान विना यो राष्ट्रिय स्वास्थ्य संचार नीति निर्माण गरी यो अवस्थासम्म ल्याउन सम्भव थिएन । उहांहरुको सहयोग र योगदान प्रति नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

अन्तमा, सबै सरोकारवाला व्यक्ति र संघसंस्थाहरुले राष्ट्रिय स्वास्थ्य संचार नीति, २०६९ लाई अक्षरस पालना गर्न सहयोग गर्नु हुनेछ र अब आइन्दा सोही नीति अनुसार आफ्नो स्वास्थ्य प्रबर्द्धन, शिक्षा र संचार कार्यक्रमहरुको संचालन गर्नु हुनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु ।

..............................
**बद्री बहादुर खड्का**
**निर्देशक**

# विषयसूची

विषयसूची

पृष्ठभूमि ........ १

विगतको प्रयास ........ ४

वर्तमान स्थिति ........ ५

समस्या तथा चुनौतीहरू ........ ६

नयाँ नीतिको आवश्यकता ........ ८

लक्ष्य ........ ९

उद्देश्यहरू ........ ९

नीति ........ १०

रणनीति तथा कार्यनीति ........ १२

संस्थागत संरचना ........ २५

आर्थिक पक्ष ........ २६

कानूनी व्यवस्था ........ २७

अनुगमन र मूल्यांकन ........ २७

जोखिम ........ २८

# १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने र आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने नेपाली नागरिकको मौलिक हक स्थापित गरेको छ । यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनताको स्वास्थ्यस्तरमा अझ सुधार ल्याउन स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गर्ने, सेवाको पहुँच बढाउन बाधा अड्चनहरू घटाउने र स्वास्थ्य पद्धति सुदृढीकरण गर्ने कार्यहरू निरन्तर रूपमा गरिरहेको छ । स्वास्थ्य प्रवर्द्धन, सरुवा एवं नसर्ने रोगहरूको रोकथाम र नियन्त्रण गरी मातृ, नवजात शिशु र बालमृत्युदर घटाई राष्ट्रिय स्वास्थ्य लक्ष्यहरू र सहश्राब्दी विकास लक्ष्य प्राप्त गर्नका लागि पनि अनवरत प्रयासरत र प्रगतिउन्मुख नै छ । सरकार, गैरसरकारी, निजी, संयुक्त राष्ट्रसंघ र बाह्य विकासका साझेदार संस्थाहरूले स्वास्थ्य सेवा र कार्यक्रमहरूलाई प्रभावकारी रूपमा जनताको घरदैलोसम्म पुर्‍याएर रोग र मृत्युदर घटाउन ठूलो भूमिका खेलेको भए तापनि नवजातशिशु र मातृमृत्यूदर घटाउनु चुनौतीपूर्ण छ । हालैका वर्षको तथ्यांक अनुसार नसर्ने रोगबाट हुने मृत्युदर बढ्दो गतिमा रहेको छ । सरुवा रोगहरू रोकथाम गर्न सहयोगी सावित हुने हात धुने तथा सरसफाइ र नसर्ने रोग रोकथामका लागि धुम्रपान तथा सूर्ति रहित वातावरण निर्माण गर्ने जस्ता साधारण व्यवहारको प्रवर्द्धन अत्यावश्यक देखिएको छ । तसर्थ स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम तथा नियन्त्रणमा र स्वास्थ्य सेवाको पहुँच वृद्धि एवं अधिकतम उपयोगमा आम, अन्तरव्यक्ति र सामाजिक सञ्चार कार्यक्रमहरूको अझै ठूलो भूमिका रहने स्पष्ट देखिन्छ ।

नेपालमा स्वास्थ्य सञ्चार कार्यक्रमको शुभारम्भ प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवाको शुरुवातसँगै सन् १९५७ मा किटजन्य रोग नियन्त्रण इकाईबाट भएको हो । सन् १९६१ मा स्वास्थ्य शिक्षा शाखाको स्थापना गर्नु स्वास्थ्य सञ्चारलाई संस्थागत गर्ने प्रक्रियाको दोश्रो पाइला थियो । त्यस बीचमा विभिन्न स्वास्थ्य परियोजनाहरूको आफ्नै बेग्लाबेग्लै स्वास्थ्य सञ्चार इकाईहरू कार्यरत थिए । वि.सं. २०५० मा ती स्वास्थ्य परियोजनाहरूको बेग्लाबेग्लै स्वास्थ्य सञ्चार इकाईहरूलाई परिमार्जन गर्दै स्वास्थ्य प्रवर्द्धन र सञ्चार कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारी रूपमा योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको केन्द्रविन्दुको रूपमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको स्थापना भएको हो । यसले विगतका आवधिक योजना, स्वास्थ्य क्षेत्र योजना, स्वास्थ्य क्षेत्रका नीति, रणनीति तथा कार्यक्रमहरूले स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा सम्बोधन गर्दै आएको छ ।

सञ्चार यस्तो प्रकृया हो, जसले मानिसहरूको दैनिक जीवनका क्रियाकलापहरूमा प्रभाव पारिरहेको हुन्छ। हालको परिवर्तित राजनैतिक र सामाजिक सन्दर्भमा आमसञ्चार माध्यमहरूको तीव्र विकास, स्थापना र प्रयोगले मानिसहरूको दैनिक क्रियाकलाप र त्यसको प्रवर्द्धनमा उल्लेख्य प्रभाव पारिरहेको छ। खासगरी आमसञ्चार माध्यमहरूले स्वास्थ्य सन्देश वा सूचनाहरू व्यापक रूपमा प्रवाहित गरी मानिसहरूको स्वास्थ्य र व्यवहार प्रवर्द्धन एवं स्वास्थ्य सेवा उपयोग वृद्धि गरी स्वस्थ जीवनयापन गर्न सहयोग गरेको छ।

नेपाल जनसांखिक तथा स्वास्थ्य सर्भेक्षण, २०११ को अनुसार नेपालमा रेडियो राख्ने र प्रयोग गर्ने घर परिवारको संख्या घट्दो छ भने टेलिभिजन, टेलिफोन, मोवाइल, कम्प्युटर राख्ने र प्रयोग गर्ने घर परिवारको संख्या बढ्दो छ। यसर्थ स्वास्थ्य सन्देश वा सूचनाहरू सम्प्रेषण गर्ने आधुनिक सञ्चारका माध्यमहरू गाउँगाउँसम्म पनि धमाधम स्थापित हुँदै आएका छन्। टेलिभिजन च्यानल, एफ.एम. रेडियो स्टेशन र पत्रपत्रिकाहरूको संख्या बढिरहेकोले सोहीअनुरूप स्वास्थ्य सन्देशहरूलाई व्यवस्थापन र प्रचारप्रसार गर्नु आवश्यक छ। सञ्चार माध्यमहरूको वृद्धिसँगै नागरिकहरूको स्वास्थ्य सम्बन्धी विभिन्न विषयका चेतनाको स्तर पनि वृद्धि भैरहेको छ।

नेपालको स्वास्थ्य स्थितिको वर्तमान अवस्थालाई हेर्दा ५१ प्रतिशत नसर्ने रोग, ४२ प्रतिशत सरुवा रोग तथा अन्य अवस्था र ७ प्रतिशत मानिसहरूको दुर्घटना चोटपटक कारणले मृत्यु हुने गरेको छ (WHO, २०१०)। यसर्थ जनस्वास्थ्य प्रवर्द्धन, रोगहरूको रोकथाम तथा नियन्त्रण र नागरिकमा स्वास्थ्य सेवाको पहुँच एवं उपयोग वृद्धि गराउने कार्यक्रम सञ्चालन गर्नु नेपाल सरकारको महत्वपूर्ण दायित्व हुन आएको छ। यस्ता आधारभूत स्वास्थ्य सेवा तथा कार्यक्रमहरूको महत्व र प्रभावकारिता बढाउन, नेपाली जनताको सन्देश वा सूचना पाउने हक सुनिश्चित गर्न र स्वस्थ व्यवहार प्रवर्द्धन गर्न स्वास्थ्य सम्बन्धी सन्देश वा सूचना सबै सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्नुपर्ने हुन्छ। यसका लागि हाल नेपालको परिवर्तित सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र समाबेशीकरणको परिप्रेक्षमा स्थापित आम, अन्तरव्यक्ति र सामाजिक सञ्चारका सबै माध्यमहरूबाट स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसार गर्नु अपरिहार्य छ। यसर्थ स्वास्थ्य जनचेतना तथा व्यवहार अभिवृद्धि गर्न, स्वास्थ्य सेवा र कार्यक्रमहरूको प्रवर्द्धन, पहुँच एवं उपयोग वृद्धि गर्नका लागि स्वास्थ्य सन्देश वा सूचनाहरूलाई उपयुक्त समय र माध्यमबाट लक्षित समूहसम्म प्रभावकारी रूपमा सम्प्रेषण गर्ने हेतुले राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९ तर्जुमा गरी जारी गरिएको छ।

## २. विगतको प्रयास

आवधिक विकास योजनाहरूले स्वास्थ्य सञ्चार कार्यक्रमलाई स्वास्थ्य क्षेत्रको प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा राखेको देखिन्छ। त्यसैगरी दोश्रो दीर्घकालीन स्वास्थ्य योजना, १९९७–२०१७ ले राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रलाई स्वास्थ्य सञ्चार क्रियाकलापहरूको योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको केन्द्रविन्दु हुने कुरा उल्लेख गरेको छ। यस योजनाले अन्य विभाग, महाशाखा र केन्द्रहरूसँग सहकार्य गरी उचित र उपयुक्त सञ्चार माध्यम र सन्देशहरूको विकास, उत्पादन, प्रशारण, प्रकाशन र वितरण गर्ने काममा केन्द्र उत्तरदायी हुने स्पष्ट गरेको छ। यसरी सरकारले स्वास्थ्य सञ्चारलाई महत्व दिई यसका लागि आवश्यक पर्ने संयन्त्र समेत विकास गर्ने प्रयत्न गरेको पाईन्छ। यिनै योजनाहरूलाई अनुशरण गर्दै २०५० सालमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको स्थापना गरी स्वास्थ्य प्रणालीमा एक नयाँ संरचना स्थापना गरियो। सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूको एकीकृत तथा एकद्वार प्रणालीको रूपमा पैरवी, समुदाय परिचालन, व्यवहार परिवर्तन सञ्चार कार्यक्रमहरू विभिन्न तहमा योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने निकायको रूपमा यो केन्द्रले काम गर्दै आएको छ।

"नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम : कार्यान्वयन योजना (Nepal Health Sector Program: Implementation Plan-NHSP:IP), २००४–२००९" ले स्वास्थ्य सञ्चारलाई सबै स्वास्थ्य कार्यक्रमहरूको लागि नभई नहुने महत्वपूर्ण विषय (Cross Cutting Issues) को रूपमा पहिचान र स्वीकार गरेको थियो। सो योजनामा अत्यावश्यकीय स्वास्थ्य सेवाको प्याकेजलाई व्यवहार परिवर्तन सञ्चार (Behaviour Change Communication-BCC) कार्यक्रमले सहयोग गर्ने कुरा उल्लेख गरेको पाइन्छ। यसका साथै यो योजनाले नसर्ने रोगहरूको जोखिमलाई सम्बोधन गर्न व्यवहार परिवर्तन सञ्चार कार्यक्रमलाई जोड दिँदै सूर्तिजन्य पदार्थ र मदिराको प्रयोग घटाउन जोड दिएको थियो। यस योजनाले प्रतिकारात्मक स्वास्थ्य सेवालाई मात्र होइन, उपचारात्मक सेवाको लागि पनि व्यवहार परिवर्तन सञ्चार त्यत्तिकै महत्वपूर्ण छ भन्ने कुरा स्वीकार्दै सबै अत्यावश्यकीय स्वास्थ्य सेवा प्याकेज (Essential Health Care Service Package-EHCS) मा सूचना, शिक्षा तथा सञ्चार एकीकृत गर्नु र स्वास्थ्य प्रवर्द्धनको लागि सम्भव भएसम्म सबै आमसञ्चार माध्यमहरूको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरेको थियो।

प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, क्षयरोग नियन्त्रण, एच.आई.भी. तथा यौनरोग नियन्त्रण, किटजन्य रोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण र अन्य सबै

स्वास्थ्य सेवा र कार्यक्रमहरूको बेग्लाबेग्लै रणनीतिहरूले स्वास्थ्य सञ्चार क्रियाकलापहरूको महत्वलाई अंगीकार गर्दै राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र मार्फत स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरू विकास, उत्पादन र प्रचारप्रसार गर्ने कुरा प्रस्तुत गरेका छन। यी कार्यक्रमहरूले पैरवी, सामाजिक परिचालन र व्यवहार परिवर्तन स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई सबै तहमा उचित महत्व दिएको पाइएको छ। यसका बावजुद एकीकृत रूपमा स्वास्थ्य सञ्चार नीति तर्जुमा गरी स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई थप व्यवस्थित गर्न कार्यारम्भ गर्नु जरुरी र समयानुकूल देखिएको छ।

## ३. वर्तमान स्थिति

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा अन्तरगत स्वास्थ्य शिक्षा र सञ्चारलाई महत्व दिँदै मानिसको खराब स्वास्थ्यको एउटा मुख्य कारण आम समुदायमा स्वास्थ्य चेतनाको अभाव नै भएको औंल्याएको छ। यसका लागि स्वास्थ्य शिक्षा कार्यक्रम केन्द्रदेखि गाउँस्तरसम्म प्रभावकारी ढंगले सञ्चालन गरिने र यस अभियानमा राजनीतिज्ञ, शिक्षक, सामाजिक संघसंस्थाहरू, महिला एवं स्वयंसेविकाहरूलाई वडा तहसम्म बृहत रूपले परिचालन गरिने कुरा उल्लेख गरेको छ। यसै नीति अनुरूप राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूको एकिकृत तथा एकद्वार प्रणालीको रूपमा पैरवी, समुदाय परिचालन, व्यवहार परिवर्तन सञ्चार कार्यक्रमहरू विभिन्न तहमा योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने निकायको रूपमा यो केन्द्रले काम गर्दै आएको छ।

नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम दोश्रो, २०१०-२०१५ ले स्वास्थ्य शिक्षा तथा सञ्चार शीर्षक अन्तरगत जनस्वास्थ्य प्रवर्द्धन गर्ने कार्यक्रमहरू प्राथमिकता साथ समावेश गरेको छ। यो कार्यक्रम योजनाले अत्यावश्यकीय सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूको प्रवर्द्धन र उपयोग वृद्धि गर्न र सरुवा एवं नसर्ने रोगहरूको नियन्त्रण गर्न वकालत, सामाजिक परिचालन तथा व्यवहार परिवर्तन सञ्चार कार्यक्रमहरूको योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकन एकीकृत रूपमा गर्ने र स्वास्थ्य प्रवर्द्धन र सञ्चारको लागि सम्भव भएसम्म सबै बहुआमसञ्चार माध्यम र तरिकाहरूको प्रयोग गरी स्वस्थ व्यवहार प्रवर्द्धन गर्नुपर्ने कुरालाई जोड दिएको छ। छापा सञ्चार माध्यमहरूमा प्रेस काउन्सिलको वर्गीकरणको आधारमा स्वास्थ्य सन्देश वा सूचनाहरू प्रकाशन गरिँदै आएको छ। नेपाल टेलिभिजन र रेडियो नेपालबाट सोझै स्वास्थ्य सन्देश वा सूचनाहरू प्रशारण गरिँदै आएको छ। यसवाहेक अन्य सञ्चार माध्यमहरूबाट स्वास्थ्य सन्देश वा सूचनाहरूको प्रचारप्रसार गर्दा प्रतिस्पर्धात्मक प्रणालीबाट सञ्चार माध्यमहरू छनौट गरी प्रचारप्रसार गर्ने

गरिएको छ। ७५ वटै जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत गाउँगाउँमा स्वास्थ्य सन्देश वा सूचनाहरू पुऱ्याउनको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरू कार्यान्वयनमा स्वास्थ्य शिक्षा टेक्निसियनहरूले जिल्ला जनस्वास्थ्य कार्यालयहरूलाई सहयोग गरिरहेका छन। स्वास्थ्य सेवा र कार्यक्रमहरूका लागि स्वास्थ्य शिक्षा र सञ्चारलाई नभई नहुने महत्वपूर्ण विषय (Cross Cutting Issue) को रूपमा पहिचान र स्वीकार गरी सबै प्रकारका स्वास्थ्य सम्बन्धी सन्देशहरूलाई एकीकृत रूपमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सञ्चालन गरिरहेको छ। यस परिप्रेक्षमा स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई समयानुकूल नीतिगत रूपमा सुदृढीकरण गर्दै प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक भएको छ।

नेपालको स्वास्थ्य स्थितिको वर्तमान अवस्थालाई हेर्दा ५१ प्रतिशत नसर्ने रोग, ४२ प्रतिशत सरुवा रोग तथा अन्य अवस्था र ७ प्रतिशत मानिसहरूको दूर्घटना चोटपटक कारणले मृत्यु हुने गरेको छ (WHO, २०१०)। मातृमृत्यु २८१ प्रति १,००,००० जिवित जन्म (NDHS, २००६) छ। नवजात शिशु मृत्युदर ३३, शिशु मृत्युदर ४६ र ५ वर्षमुनिका बालमृत्युदर ५४ प्रति १००० जिवित जन्म रहेको छ। कूल प्रजनन दर २.६ प्रति महिला रहेको छ (NDHS, २०११)। मानिसको औसत आयु (Life expectancy) २००६ मा ६३.३ (पूरुष ६२.९ र महिला ६३.७) वर्षमा पुगेको छ । नेपालको स्वास्थ्य स्थिति सुधारात्मक देखिएका छन् तापनि जनस्वास्थ्य सेवा र कार्यक्रमहरूमा नागरिकहरूको पहुँच र उपयोग वृद्धि गरी रोग र मृत्युदर घटाउन निकै कार्य गर्नु पर्ने देखिन्छ। यस कार्यमा स्वास्थ्य सञ्चार कार्यक्रमहरूको कार्यान्वयनले मानिसको स्वास्थ्य तथा व्यवहार प्रवर्द्धन गरी रोग र मृत्युदर घटाउन महत्वपूर्ण योगदान गर्दछ।

## ४. समस्या तथा चुनौतीहरू

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सञ्चार कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न अनेकौं कठिनाइहरू भोग्दै आइरहेको छ। स्वास्थ्य प्रवर्द्धन र सञ्चार कार्यक्रमलाई नीतिगत रूपमा प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा स्वीकार गरेपनि व्यवहारमा अझै सुधार गर्नुपर्ने देखिन्छ। स्वास्थ्य सम्बन्धी सन्देश वा सूचना र सामग्रीहरूको नियमक निकाय राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँगको समन्वय, सहकार्य र सहमति बिना नै विभिन्न निकायहरूले त्यस्ता स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूको विकास, उत्पादन र प्रचारप्रसार गरिरहेको पाइन्छन्। अन्य सरकारी तथा गैरसरकारी र निजी क्षेत्रले विकास, उत्पादन र प्रचारप्रसार गरेका कतिपय स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूमा शुद्धता, एकरूपता,

पूर्णता र आधिकारिकताको समस्या भेटिएको छ। सरकारी सञ्चार माध्यम उन्मुख हालको स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्ने परिपाटीमा समयानुकूल परिमार्जन गरी समाजमा व्यापक रूपमा स्थापित भएका निजी र सामुदायिक सञ्चार माध्यम उन्मुख बनाउनु पनि त्यतिकै आवश्यक छ। विभिन्न जाति-जनजाति र भाषा भएको देशमा धेरैजसो स्वास्थ्य सन्देश वा सूचना र कार्यक्रमहरू नेपाली भाषामा नै तयार गरी प्रसारण र प्रकाशन गरिएका छन्। यसलाई विविध भाषामा तयार गरी प्रकाशन र प्रशारण व्यापक बनाउनु पर्नेछ। स्वास्थ्य सञ्चार सम्बन्धी केही सामग्रीहरू केन्द्र, क्षेत्र र जिल्ला तहमा विकास र उत्पादन गरिए पनि यो समयको माग र आवश्यकताको तुलनामा निकै नै कम रहेको छ। आम नागरिकको घरदैलोसम्म स्वास्थ्य सन्देश र सूचनाहरू पर्याप्त मात्रामा प्रवाह गर्नु तथा विभिन्न संघसंस्थाहरूबाट विकास र उत्पादन गरिएका स्वास्थ्य सञ्चार सामग्रीहरूको गुणस्तरमा सुधार गर्नु आवश्यक भएको छ। सञ्चारका माध्यमहरूको विकास र विस्तारसँगै ती सञ्चार माध्यमहरूबाट प्रवाह हुने स्वास्थ्य सन्देश वा सूचनालाई व्यापक बनाई बढ्दो माग पूर्ति गर्न तथा स्वास्थ्य सन्देशहरूलाई प्रभावकारी एवं उपयोगी बनाउन र यसका निम्ति प्रयाप्त श्रोत जुटाउनु चुनौतीपूर्ण रहेको छ।

स्वास्थ्य प्रवर्द्धन तथा सञ्चार कार्यक्रममा सेवाको पहुँच नभएका दुर्गम गाउँमा बस्ने तथा भौगोलिक, जातीय, लैंगिक हिसाबले पछाडि परेका वा पारिएका जनमानस एवं गरिब र सीमान्तीकृत नागरिकको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य सन्देश वा सूचनाहरू, सञ्चार सामग्री र निर्देशिकाहरू पर्याप्त रूपमा उपलब्ध छैनन्। मूलत तिनीहरूको सञ्चार माध्यममा पहुँच निकै कम छ र पहुँच योग्य स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूको भाषा पनि सबैले पढ्न र बुझ्न सक्दैनन। सञ्चार माध्यमको पहुँच भएका शिक्षित घर परिवारमा पनि धेरै महिलाहरू स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूबाट त्यति लाभान्वित हुन सकेका छैनन् किनकि तिनीहरू आफ्ना दैनिक जीवनचर्यामा अत्यन्त व्यस्त छन्। स्वास्थ्य सञ्चार गर्नु सरकारको मात्र दायित्व हो भन्ने मानसिकता हुनु र निजी क्षेत्रका कतिपय सञ्चार माध्यमहरूले पनि स्वास्थ्य सञ्चारलाई आफ्नो सरोकारको विषय बनाउन नसक्नुका कारण स्वास्थ्य सञ्चारले आवश्यक प्राथमिकता पाएको छैन। सरकारी सञ्चार माध्यमहरू पनि बढी विज्ञापनमुखी हुन गई नेपाली जनताको स्वास्थ्यप्रति पर्याप्त संवेदनशील र उत्तरदायी हुन सकेको पाइँदैन। स्वास्थ्यलाई हानी हुने कतिपय विषयवस्तुहरू सार्वजनिक स्थान र आम सञ्चारका माध्यमहरूमा खुल्लमखुल्ला प्रचारप्रसार भैरहेका छन् तर यिनलाई रोकथाम, नियन्त्रण र प्रतिबन्ध गर्ने प्रभावकारी नीति तथा संयन्त्र नभएको महशुस हुन्छ।

उपभोक्ता हित संरक्षणको दृष्टिकोणबाट पनि स्वास्थ्य सञ्चार गर्ने अवधारणा प्रभावकारी हुन सकेको देखिँदैन। विभिन्न स्वास्थ्य सम्बन्धित व्यवहारहरूको न्यूनतम स्तरीकरण गरिएको छैन र केही स्तरीकरण भएका स्वास्थ्य सम्बन्धित व्यवहारहरूको पनि उचित रूपमा सञ्चार गर्न सकिएको छैन। स्वास्थ्य विषयमा तत्काल आवश्यक सन्देश वा सूचनाहरू प्राप्त गर्न चाहने नागरिकका निम्ति सूचना प्रदान गर्ने प्रभावकारी व्यवस्था हुन सकेको छैन।

नेपालको शिक्षा प्रणालीमा जीवनोपयोगी स्वास्थ्य शिक्षाको बारेमा उमेर र आवश्यकता अनुसारको शिक्षा दिने प्रयाप्त प्रयास भएको छैन। स्वास्थ्य तथा जनसंख्या र वातावरणजस्ता अन्तरसम्बन्धित र महत्वपूर्ण विषयहरू स्वास्थ्य सञ्चारसँग संयोजित हुन सकेका छैनन्। स्वास्थ्यसम्बन्धी सञ्चार अभियानमा पर्याप्त मात्रामा बहुसञ्चार विधि अपनाउन सकिएको छैन। स्वास्थ्यसम्बन्धी सन्देश वा सूचना प्रवाह गर्ने सरकारी, गैरसरकारी र निजी सञ्चार माध्यमहरूलाई विद्यमान कतिपय नीतिगत र कानुनी प्रावधानका कारण समान र समानुपातिक रूपमा प्रयोग गर्न कठिनाइ भइरहेको छ।

औषधी व्यवस्था विभागले सूचीकरण नगरेका वा प्रतिबन्ध लगाएका औषधी वा औषधीजन्य वस्तुबारे पर्याप्त सञ्चार हुन सकेको छैन। यसबाट आम उपभोक्ता औषधीको बारेमा सुसूचित हुन पाउने अधिकारबाट बञ्चित हुन पुगेका र कतिपय अवस्थामा अनधिकृत व्यक्तिको सिफारिसमा त्यस्ता औषधीको प्रयोगबाट पीडित हुन समेत पुगेका छन। यसैगरी आयुर्वेद, युनानी, होमियोप्याथी, वैकल्पिक र प्राकृतिक चिकित्सा र जनसंख्या कार्यक्रमलाई स्वास्थ्यसञ्चार कार्यक्रमले पर्याप्त संवोधन गर्न सकेको छैन।

## ५. नयाँ नीतिको आवश्यकता

नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने, कानूनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने, आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यसको अलावा नेपाल सूर्ति नियन्त्रण सम्बन्धी संरचना महासन्धिको पक्ष राष्ट्र हो भने यसले जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन एवं सहश्राब्दी विकास लक्ष्यहरू हासिल गर्न समेत प्रतिबद्धता जनाएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था तथा अन्तर्राष्ट्रिय समुदाय सामु व्यक्त गरिएका प्रतिबद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सरोकारवाला निकाय वा संघसंस्थाले संचालन गर्ने स्वास्थ्यसँग सम्बन्धित सञ्चार क्रियाकलापहरूलाई एकीकृत, अद्यावधिक, व्यवस्थित र प्रभावकारी तुल्याउन पारदर्शी स्वास्थ्य सञ्चार नीति तर्जुमा गरी लागु गर्नु आवश्यक छ।

प्रस्तुत नीति तर्जुमा गर्नुका मुख्य मुख्य कारणलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :–

- नागरिकको स्वास्थ्य स्थितिलाई सुधार गर्न सहयोग गर्ने,
- राष्ट्रिय स्वास्थ्य नीतिको कार्यान्वयनमा सहयोग गर्ने,
- नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन गर्न तथा सहश्राब्दी विकास लक्ष्य हासिल गर्न सहयोग गर्ने,
- स्वास्थ्य सेवा र कार्यक्रमहरूको लक्ष्य र उद्देश्यहरू हासिल गर्न सहयोग गर्ने,
- अत्यावश्यकीय स्वास्थ्य सेवामा आमनागरिकको खासगरी पहुँच नभएका दुर्गम गाउँमा बस्ने तथा भौगोलिक, जातीय, भाषिक, लैंगिक हिसाबले पछाडि परेका वा पारिएका जनमानस एवं गरिब र सीमान्तकृत नागरिकको स्वास्थ्य सेवामा पहुँच एवं उपयोग वृद्धि गर्ने,
- स्वास्थ्य सम्बन्धी विभिन्न निकाय र सञ्चार माध्यमहरूसँग समन्वय र सहकार्यको व्यवस्था मिलाई अनधिकृत प्रचारप्रसार र दोहोरोपना रोक्ने,
- सबै सञ्चार माध्यमहरूबाट समानुपातिक रूपमा स्वास्थ्य सन्देश वा सूचनाहरूको प्रचारप्रचार हुने व्यवस्था मिलाउने,
- स्वास्थ्य सम्बन्धी विभिन्न निकायबाट उत्पादन एवं प्रचारप्रसार हुने सन्देश वा सूचना वा सामग्री र कार्यक्रमहरूमा गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरूपता र उपयुक्तता कायम गर्ने,
- स्वास्थ्य सञ्चार सम्बन्धी मानवीय, वित्तीय तथा भौतिक क्षमता अभिवृद्धि गर्ने ।

## ६. लक्ष्य

स्वास्थ्य सेवा, कार्यक्रम र स्वस्थ व्यवहार प्रवर्द्धन, रोगको रोकथाम तथा नियन्त्रण र स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गरी आम नागरिकको स्वस्थ जीवनयापन कायम गर्ने स्वास्थ्य सञ्चार नीतिको मुख्य लक्ष्य हुनेछ ।

## ७. उद्देश्यहरू

स्वास्थ्य सञ्चार नीतिका उद्देश्यहरू यस प्रकार रहेका छन् :–

७.१. आमनागरिकको स्वास्थ्य चेतना र ज्ञान अभिवृद्धि तथा स्वस्थ व्यवहार प्रवर्द्धन गर्न आधुनिक तथा परम्परागत सञ्चारका

बहुमाध्यम र तरिकाहरूलाई व्यापक र समानुपातिक रूपमा परिचालन र प्रयोग गर्ने,

७.२. व्यक्ति, समुदाय, सम्बन्धित संघसंस्था र सञ्चार माध्यमहरूसँगको सहयोग, समन्वय र सहकार्यलाई चुस्त बनाई केन्द्र, क्षेत्र, जिल्ला र समुदायसम्म स्वास्थ्य सञ्चारसम्बन्धी कार्यक्रमहरू सुदृढीकरण, विस्तार र कार्यान्वयन गर्ने,

७.३. स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई केन्द्र, क्षेत्र, जिल्ला र समुदायसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पर्याप्त श्रोत सृजना, एकीकरण र परिचालन गर्ने,

७.४. स्वास्थ्य सम्बन्धी विभिन्न विषयका सन्देश वा सूचना र सामग्रीहरूको गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरूपता र उपयुक्तता कायम गरी अनधिकृत प्रचारप्रसार र दोहोरोपना रोक्ने,

७.५. गुणस्तरीय, सही, आधिकारिक, एकरूपता, उपयुक्त सन्देश वा सूचना, सामग्री र कार्यक्रमहरू विकास, उत्पादन र प्रचारप्रसार गर्न स्वास्थ्य सञ्चार सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।

७.६. स्वास्थ्य सन्देश वा सूचनाको पहुँचबाट बञ्चित भएका नागरिकहरूसम्म गुणस्तरीय स्वास्थ्य सन्देश वा सूचना उपयुक्त माध्यम तथा तरिकाबाट प्रदान गर्ने ।

## ८. नीति

आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने र आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना पाउने नेपाली जनताको संविधानप्रदत्त हक सुनिश्चित गर्न तथा राष्ट्रिय स्वास्थ्य नीतिको कार्यान्वयनमा ठोस रूपमा सहयोग गर्न स्वास्थ्य सञ्चार नीतिलाई प्राथमिकताका साथ लागु गरिनेछ । नेपाली नागरिकको स्वास्थ्य चेतना अभिवृद्धि गरी सबै स्वास्थ्य सेवा तथा कार्यक्रमहरू प्रवर्द्धन, रोग रोकथाम, समयमै सेवा खोज्ने र स्वस्थ व्यवहार प्रवर्द्धन गर्दै स्वास्थ्य सेवा र कार्यक्रमहरूमा जनताको सक्रिय सहभागिता, पहुँच र उपयोगमा वृद्धि गरी उनीहरूको स्वस्थ जीवनयापन कायम गर्नमा यो नीति केन्द्रित रहने छ। प्रस्तुत नीतिका आधारभूत विषयहरू देहायबमोजिम हुनेछन:–

८.१ स्वास्थ्य सञ्चारका कार्यक्रमहरूलाई विकेन्द्रीकृत रूपमा कार्यान्वयन गर्ने ।

८.२ सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूका सञ्चार सम्बन्धी कार्यक्रमहरू एकीकृत गरी एकद्वार प्रणालीको आधारमा योजना र कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने ।

८.३. स्वास्थ्य सञ्चार सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्न पर्याप्त वित्तीय श्रोत व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कूल वार्षिक बजेटको कम्तीमा २ प्रतिशत बजेट वार्षिक रूपमा विनियोजन गर्ने ।

८.४. स्वास्थ्य सञ्चार कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित संघसंस्था र सरोकारवालाहरूको सहभागिता, समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने ।

८.५. स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्न आधुनिक र परम्परागत बहुमाध्यम खासगरी आम, अन्तरव्यक्ति र सामाजिक सञ्चारमाध्यम र तरिकाहरूको उपयुक्तताको आधारमा व्यापक रूपमा प्रयोग गर्ने ।

८.६. स्वास्थ्य सन्देश वा सूचनाहरूलाई आवश्यकता, स्वीकृत मापदण्ड र वर्गीकरणको आधारमा पारदर्शी र समानुपातिक रूपमा सोझै वार्ताद्वारा सम्झौता गरी सबै सञ्चारमाध्यम र तरिकाहरूबाट सबै लक्षित समूहसम्म पुग्ने गरी प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने ।

८.७. स्वास्थ्य सन्देश वा सूचनाहरूलाई शिक्षामूलक, कलात्मक र मनोरन्जनात्मक तवरले स्थानीय भाषा र संस्कृति अनुकूल प्रचारप्रसार गर्ने ।

८.८. स्वास्थ्य सन्देश वा सूचनाहरूको गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरूपता र उपयुक्तता कायम गर्न, दोहोरोपना हटाउन एवं नीतिसंगत बनाउन आवश्यक व्यवस्था मिलाई नेपाल सरकारको पूर्वसहमति बिना स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसारमा ल्याउन रोक लगाउने ।

८.९. स्वास्थ्यसम्बन्धी सन्देश वा सूचनाहरू प्रचारप्रसारमा उल्लेखनीय योगदान दिएका सञ्चारमाध्यम वा निकाय वा स्वास्थ्यकर्मी वा सञ्चारकर्मी वा स्वास्थ्य विषयमै केन्द्रित सञ्चारमाध्यमहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने ।

८.१०. संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरूलाई विभिन्न सञ्चारमाध्यम वा तरिकाहरूबाट सार्वजनिक निजी साझेदारीमा प्रचारप्रसार गर्न सहजीकरण र प्रोत्साहित गर्ने ।

८.११. मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्न सक्ने, अतिरञ्जित वा भ्रामक प्रकृतिका वा अनधिकृत कुनै पनि प्रकारका सन्देश वा सूचना प्रचारप्रसार गर्ने कार्यलाई नियमन, नियन्त्रण गर्ने वा रोक लगाउने ।

८.१२. सरकारी, गैरसरकारी वा निजी संघसंस्थाहरूले जनतालाई प्रदान गर्ने

स्वास्थ्य सेवा, कार्यक्रम, औषधीको उचित उपयोग एवं औषधी र सेवाहरूको शुल्कहरूलाई प्रचारप्रसारमा ल्याई सुसूचित गर्ने एवं पारदर्शी बनाउने ।

८.१३. शारीरिक तथा मानसिक रूपमा अशक्त व्यक्ति र जेष्ठ नागरिकहरूले पनि स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउने ।

८.१४. जीवनशैलीजन्य रोग नियन्त्रण गर्ने र व्यक्तिको सामान्य व्यवहारबाट मानवको दैनिक जीवनयापन सुधार गर्न प्रेरित गर्ने विषयहरूलाई स्वास्थ्य सञ्चार कार्यक्रममा प्राथमिकता दिने ।

८.१५. स्वास्थ्यसञ्चार कार्यक्रमहरूलाई प्रभावकारी ढंगले योजना र कार्यान्वयन गर्नका लागि स्वास्थ्य सेवाका सबै तहका निकायका स्वास्थ्य प्रवर्द्धन तथा सञ्चारको क्षमता वृद्धि गरी व्यवस्थापन एवं सुशासनको प्रत्याभूति गर्ने ।

८.१६. आम नेपाली नागरिक, खासगरी पहुँच नभएका दुर्गम गाउँमा बस्ने तथा भौगोलिक, जातीय, भाषिक, लैंगिक हिसाबले पछाडि परेका वा पारिएका जनमानस एवं गरिब र सीमान्तकृत नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सन्देश वा सूचना उपयुक्त समय, माध्यम तथा तरिकाबाट प्रदान गर्ने ।

८.१७. स्वास्थ्य सन्देश वा सूचनाहरू र कार्यक्रमहरू सामाजिक समावेशी, लैंगिक मैत्री एवं अधिकार, तथ्य र लक्षित समूहमा आधारित हुने र सेवासँग सम्बन्धित गर्ने ।

८.१८. अत्याधुनिक सञ्चार प्रविधिलाई स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसारका लागि प्रवर्द्धन र प्रयोग गर्ने ।

८.१९. स्वास्थ्य प्रवर्द्धन र सञ्चार सम्बन्धी जनशक्ति विकास र उत्पादन गरी गुणस्तरीय स्वास्थ्य प्रवर्द्धन र सञ्चारमा जोड दिने ।

८.२०. स्वास्थ्य सञ्चार सम्बन्धी सन्देश र सामग्रीहरूको समग्र उपयोग तथा कार्यक्रमहरूको प्रभावकारीताको अनुगमन एवं मूल्यांकन संयन्त्रको विकास र प्रयोग गर्ने ।

## ९. रणनीति वा कार्यनीति

राष्ट्रिय स्वास्थ्य सञ्चार नीतिको कार्यान्वयनको लागि निम्नलिखित रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछन् :–

| नीति | रणनीति वा कार्यनीति |
|---|---|
| ९.१. स्वास्थ्य सञ्चारका कार्यक्रमहरूलाई | १. स्वास्थ्य सञ्चारका कार्यक्रमहरूलाई विकेन्द्रीकृत रूपमा केन्द्र, क्षेत्र, जिल्ला र |

| | | | |
|---|---|---|---|
| | विकेन्द्रीकृत रूपमा कार्यान्वयन गर्ने । | | समुदायस्तरका स्वास्थ्य संरचनाहरूबाट कार्यान्वयन गरिनेछ । |
| | | २. | स्वास्थ्य सञ्चारका कार्यक्रमहरूलाई विकेन्द्रीकृत रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय निकाय र अन्य सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । |
| ९.२ | सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूका सञ्चार सम्बन्धी कार्यक्रमहरू एकीकृत गरी एकद्वार प्रणालीको आधारमा योजना र कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने । | १. | सबै स्वास्थ्य सेवा र कार्यक्रमहरूको सञ्चार सम्बन्धी कार्यक्रमहरू एकद्वार र एकीकृत रूपमा योजना र कार्यान्वयन गर्ने नीतिलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र मार्फत् कार्यान्वयन गरिनेछ । |
| | | २. | स्वास्थ्य सेवा र कार्यक्रमहरूको एकीकृत रूपमा विषयगत स्वास्थ्य सञ्चार रणनीतिहरू निर्माण गरी पैरवी, सामाजिक परिचालन र व्यवहार परिवर्तन सञ्चार कार्यक्रमहरूलाई विभिन्न तहमा कार्यान्वयन गरिनेछ । |
| | | ३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा विभिन्न स्वास्थ्य सेवा र कार्यक्रमहरूको स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई एकीकृत गरी राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र मार्फत् कार्यान्वयन गरिनेछ । |
| ९.३. | स्वास्थ्य सञ्चार सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्न पर्याप्त वित्तीय श्रोत व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या | १. | वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्वास्थ्य सञ्चार सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि नीति बमोजिमको बजेट वार्षिक रूपमा विनियोजन गरिनेछ । |
| | | २. | संयुक्त राष्ट्रसंघ मातहतका निकाय र बाह्य विकासका साझेदार संस्थाहरूलाई स्वास्थ्य सञ्चार कार्यक्रममा लगानी |

| | | | |
|---|---|---|---|
| | मन्त्रालयको कूल वार्षिक बजेटको कम्तीमा २ प्रतिशत बजेट वार्षिक रूपमा विनियोजन गर्ने । | | गर्नको लागि सहजीकरण र प्रोत्साहित गरिनेछ । |
| | | ३. | आम जनताले प्रयोग गर्ने कुनै सेवा वा वस्तु र स्वास्थ्यका लागि प्रतिकूल हुन सक्ने व्यवहार वा वस्तुहरूमा निश्चित कर लगाइने छ र सो करको केही प्रतिशत रकम स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसार व्यवस्थापन कोषमा जम्मा गरी स्वास्थ्य प्रवर्द्धन र सञ्चार कार्यक्रमहरू कार्यान्वयनका लागि प्रयोग गरिनेछ । |
| | | ४. | स्वास्थ्य सम्बन्धी सञ्चार सन्देश वा सूचना, सामग्री, उपकरण र सेवाको मापदण्ड बनाई निःशुल्क वितरण र प्रयोग गर्ने परिपाटीलाई निरुत्साहित र व्यवस्थित गर्दै लगिनेछ । |
| ९.४. | स्वास्थ्य सञ्चार कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित संघसंस्था र सरोकारवालाहरूको सहभागिता, समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने । | १. | उच्चस्तरीय स्वास्थ्य सञ्चार निर्देशन समितिले गरेका निर्णयहरू र नीति कार्यान्वयनमा सहयोग गर्न सरोकारवालाहरू सम्मिलित स्वास्थ्य सञ्चार समन्वय समिति गठन गरिनेछ । |
| | | २. | विभिन्न मन्त्रालय तथा निकायहरूसँग समन्वय र सहकार्य गरी स्वस्थ व्यवहार, आधारभूत स्वास्थ्य सेवा र कार्यक्रमहरूको प्रवर्द्धनका लागि किशोरकिशोरी, युवायुवती, पत्रकार, पेशाकर्मी, निकाय र संघसंस्थाहरूलाई परिचालन गरिनेछ । |
| ९.५. | स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्न आधुनिक र परम्परागत बहुमाध्यम खासगरी आम, अन्तरव्यक्ति र | १. | स्वास्थ्य सन्देशहरू प्रचारप्रसार गर्नका लागि रेडियो, टेलिभिजन, एफ एम रेडियो, वेवसाइट, टेलिफोन, मोवाइल आदि आधुनिक विद्युतीय सञ्चार माध्यमलाई पनि समयानुकूल उपयोग गरिनेछ । सबै सरकारी वेवसाइटमा स्वास्थ्य सन्देश र लिंक राख्ने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| सामाजिक सञ्चारमाध्यम र तरिकाहरूको उपयुक्तताको आधारमा व्यापक रूपमा प्रयोग गर्ने । | २. स्वास्थ्य सन्देश वा सूचनाहरू प्रभावकारी रूपमा प्रचारप्रसार गर्न पुस्तिका, पाम्पलेट, पोष्टर, क्यालेण्डर, डायरी, साईनेज, स्टीकर, फ्लिपचार्ट, वालचार्ट, फ्लायर, फ्लास कार्ड, फ्लेक्स, बुलेटिन होर्डिङ्ग बोर्ड आदि उत्पादन, प्रकाशन तथा प्रदर्शन गरिनेछन् । साथै पाठ्यपुस्तक र अभ्यास पुस्तिकाका बाहिरी आवरण पृष्ठ, विभिन्न सामग्री वा खाद्य पदार्थका प्याकेटको खोल तथा झोला, टिकटहरू, हुलाकपत्र, टि-सर्ट आदि विविध साधन र सामग्रीहरूमा स्वास्थ्य सन्देश वा सूचनाहरू प्रकाशन तथा प्रदर्शन गरिनेछन् । |
| | ३. परम्परागत र स्थानीय लोककला, संस्कृति तथा प्रचलनहरू जस्तै मारुनी, रोदी, धान नाच, शाकेवा नाच, नौटंकी, दोहोरी गीत, देउडा, घाटु, धामीझाँक्री, गाइने गायकहरू, चित्रकला, सडकनाटक, कठपुतली नृत्य, माइकिङ्ग आदि लोकसञ्चारका शक्तिशाली माध्यम र यससँग सम्बन्धित कलाहरूलाई स्वास्थ्यसम्बन्धी सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्नका लागि समयानुकूल प्रयोग गरिनेछ । |
| | ४. स्वास्थ्य सन्देश वा सूचनाहरूलाई प्रभावकारी ढंगले जनसमुदायसम्म लैजानका लागि विभिन्न मेला, पर्व, दिवस, महोत्सव, प्रदर्शनी आदिको उपयोग र आयोजना गरिनेछ । |
| | ५. विषेश परिस्थितिमा स्थानीय स्तरमा स्वास्थ्य सन्देशहरूको पहुँचलाई सुलभ पार्न घुम्ती रेडियो लगायतका सञ्चारका तरिकाहरू प्रयोग गर्न सकिनेछ । |
| | ६. स्वास्थ्य चेतना बढाउनका लागि |

| | | |
|---|---|---|
| | | कलाका नयाँ प्रयोगहरू खासगरी लेखहरू, रेडियो तथा टेलिभिजन कार्यक्रम, अन्तर्क्रिया, नाटक, फिल्म, सन्देशमूलक गीत, नृत्य, चित्रकला, मूर्तिकला आदिलाई प्रोत्साहन गरिनेछ। यस प्रकारको कार्य गर्नका लागि अन्य क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ। |
| | ७. | स्वास्थ्य सन्देश वा सूचनाहरूलाई व्यापक प्रचारप्रसार गरी जनताको घरदैलोसम्म पुऱ्याउन अन्तरव्यक्ति सञ्चार कार्यक्रमहरूलाई देहाय बमोजिम बढावा दिइनेछ। |
| | क. | स्वास्थ्य सन्देश वा सूचनाहरूलाई व्यापक प्रचारप्रसारका लागि अन्तरव्यक्ति सञ्चार नै प्रमुख र प्रभावकारी माध्यम भएकोले यस्ता कार्यक्रमहरूलाई बढावा दिनका लागि स्थानीय संघसंस्था, प्रबुद्ध व्यक्ति, शिक्षक, विद्यार्थी, साथी, धार्मिक गुरु, सञ्चारमाध्यम र महिला स्वास्थ्य स्वयं सेविका, उपभोक्ता समूह, आमा समूह, युवा तथा अन्य सामाजिक तथा पेशागत संघसंस्था जस्ता समुदायमा रहेका व्यक्ति तथा समूहहरूलाई परिचालनमा जोड दिइनेछ। |
| | ख. | शिक्षा मन्त्रालयसँग समन्वय र सहकार्य गरी स्वस्थ व्यवहार, आधारभूत स्वास्थ्य सेवा र कार्यक्रमहरूको प्रवर्द्धनका लागि शिक्षक, विद्यार्थी, किशोरकिशोरी र युवायुवतीहरूलाई स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू प्रवर्द्धकको रूपमा परिचालन गरिनेछ। |
| | ग. | अन्तरव्यक्ति र सामाजिक सञ्चारका तरिकाहरूबाट स्वास्थ्य सन्देश वा सूचनाहरूलाई प्रभावकारी रूपमा प्रचारप्रसारका लागि पनि आवश्यक |

| | |
|---|---|
| | मापदण्ड तयार गरिनेछ । |
| | घ. शैक्षिक पाठ्यक्रमहरूमा अद्यावधिक स्वास्थ्य सन्देश वा सूचनाहरू समावेश र समयानुकूल सुधार गरी पाठशाला स्वास्थ्य शिक्षा कार्यक्रमलाई सुदृढीकरण र प्रभावकारी बनाइनेछ । |
| | ८. शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यकर्मी र सम्बन्धित अन्य प्रभावशाली व्यक्ति वा निकायहरूलाई परिचालन गरी स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । |
| ९.६. स्वास्थ्य सन्देश वा सूचनाहरूलाई आवश्यकता, स्वीकृत मापदण्ड र बर्गीकरणको आधारमा पारदर्शी र समानुपातिक रूपमा सोझै वार्ताद्वारा सम्झौता गरी सबै सञ्चारमाध्यम र तरिकाहरूबाट सबै लक्षित समूहसम्म पुग्ने गरी प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने । | १. आमसञ्चार माध्यमहरूलाई स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसारका लागि समानुपातिक रूपमा उपलब्ध गराउन मापदण्ड बनाई लागु गरिनेछ । |
| | २. आमसञ्चार माध्यमहरूलाई सूचना तथा सञ्चार मन्त्रालय वा प्रेस काउन्सिलले गरेको वर्गीकरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आवश्यकताको आधारमा समानुपातिक रूपमा स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसारका लागि उपलब्ध गराइने छ । |
| | ३. स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्ने कार्यक्रमका लागि वार्षिक कार्यक्रममा सार्वजनिक तथा निजी संघसंस्थाहरूलाई सशर्त अनुदान शीर्षकमा बजेट व्यवस्था गरिनेछ । |
| | ४. स्वास्थ्य सञ्चारसँग सम्बन्धित आवश्यक सन्देश वा सामग्री वा सेवा उत्पादन गर्न, उत्पादित सन्देश वा सामग्रीहरू प्रचारप्रसार गर्न वा त्यस्ता सामग्री खरिद वा उत्पादन गर्न, अध्ययन अनुसन्धान गर्न, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, प्रोत्साहन कार्यक्रम गर्न, श्रोत |

| | |
|---|---|
| | जुटाउन र अनुदान रकम परिचालन गर्न "स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसार व्यवस्थापन कोष" स्थापना गरिनेछ। यो कोष सञ्चालनका लागि स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसार व्यवस्थापन कोष सञ्चालक समिति गठन गरिनेछ। |
| ९.७. स्वास्थ्य सन्देश वा सूचनाहरूलाई शिक्षामूलक, कलात्मक र मनोरन्जनात्मक तवरले स्थानीय भाषा र संस्कृति अनुकूल प्रचारप्रसार गर्ने। | १. स्वास्थ्य सन्देश वा सूचनाहरू वैज्ञानिक सञ्चार प्रकृया अनुशरण गरी विकास, पूर्वपरिक्षण, उत्पादन गरी विभिन्न सञ्चार माध्यम र तरिकाहरूबाट प्रचारप्रसार गरिनेछ। |
| | २. स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्दा यथासम्भव स्थानीय भाषामा स्थानीय भाषा र संस्कृति अनुकूल गरिनेछ। |
| | ३. स्वास्थ्य सन्देश वा सूचनाहरू शिक्षामूलक, कलात्मक र मनोरन्जनात्मक तरिका अपनाई विकास र उत्पादन गरिनेछ। |
| ९.८. स्वास्थ्य सन्देश वा सूचनाहरूको गुणस्तरीयता, शुद्धता, आधिकारिकता, एकरूपता र उपयुक्तता कायम गर्न, दोहोरोपना हटाउन एवं नीतिसंगत बनाउन आबश्यक व्यवस्था मिलाई नेपाल सरकारको पूर्वसहमति विना स्वास्थ्य सन्देश वा सूचनाहरू | १. सबै सरकारी वा निजी वा गैरसरकारी संघसंस्था वा संयुक्त राष्ट्रसंघ मातहतका निकाय वा बाह्य विकासका साझेदार संस्थाहरू वा सञ्चारमाध्यमहरूबाट प्रचारप्रसार ल्याउने स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरूलाई प्रचारप्रसारका लागि सहमति दिने सिफारिस गर्न विभिन्न तहमा विशेषज्ञ लगायत सरोकारवालाहरू सम्मिलित स्वास्थ्य सञ्चार प्राविधिक समिति गठन गरिनेछन्। |
| | २. स्वास्थ्यलाई हानिकारक वा अनधिकृत रूपमा वा पूर्व सहमति विना स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू प्रचारप्रसार नगर्न सम्बन्धित सबैलाई सुसूचित गराइनेछ। अन्यथा यस प्रकारको प्रचारप्रसारलाई रोक लगाइनेछ। |

| | | |
|---|---|---|
| | प्रचारप्रसारमा ल्याउन रोक लगाउने । | ३. स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू विकास वा उत्पादन वा प्रचार प्रसारका लागि योगदान दिने सरकारी, निजी तथा गैरसरकारी संघसंस्था वा सञ्चार माध्यमहरूको पहिचानको लागि त्यस्तो कार्य गर्ने संघसंस्थाको लोगो वा नाम उल्लेख गरिनेछ । |
| | | ४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रचारप्रसारमा ल्याएको स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू पुनः उत्पादन वा प्रचारप्रसारका लागि योगदान दिने संघसंस्थाको नाम वा लोगो सौजन्यको रूपमा राखी उत्पादन वा प्रचारप्रसार गर्न प्रोत्साहित गरिनेछ । |
| | | ५. विषयगत गैरसरकारी संघसंस्था, बाह्य विकासका साझेदार संस्थाहरू र संयुक्त राष्ट्रसंघ मातहतका निकायहरूले सञ्चालन गरिरहेका स्वास्थ्यसञ्चार कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा सरकारको प्रयाशमा सहयोग पुग्नेगरी सम्बन्धित संयन्त्र वा निकाय मार्फत कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । |
| | | ६. सम्बन्धित सरकारी निकायको समन्वय र सहकार्यमा संयुक्त रूपमा कार्ययोजना निर्माण र कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ । |
| | | ७. सम्बन्धित सरकारी निकायको समन्वय र सहकार्यमा स्वास्थ्य सम्बन्धी सञ्चारका प्राविधिक विषयवस्तुहरू तयार गरी सोको आधारमा सन्देश निर्माण गरिनेछ । |
| ९.९. | स्वास्थ्यसम्बन्धी सन्देश वा | १. सञ्चारमाध्यम, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, स्वास्थ्य सन्देश वा सूचना उत्पादक, |

| | | |
|---|---|---|
| सूचनाहरू प्रचारप्रसारमा उल्लेखनीय योगदान दिएका सञ्चारमाध्यम वा निकाय वा स्वास्थ्यकर्मी वा सञ्चारकर्मी वा स्वास्थ्य विषयमै केन्द्रित सञ्चारमाध्यमहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने । | | कलाकार र निकायहरूलाई उनीहरूले स्वास्थ्यसञ्चारको क्षेत्रमा गरेको योगदानलाई मूल्यांकन गरी वार्षिक रूपमा सम्मानित, पुरस्कृत वा प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ । |
| | २. | स्वास्थ्यकर्मी र स्वास्थ्य सञ्चारकर्मीहरूको स्वास्थ्य सञ्चार सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्न आवश्यकता अनुसार विभिन्न अभिमुखीकरण, तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ । |
| | ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य क्षेत्रमा भएका विकास र कार्यक्रमहरूको अवलोकन, सूचना संकलन र सम्प्रेषण गर्न स्वास्थ्य पत्रकारहरूलाई सहभागी गराइनेछ । |
| | ४. | स्वास्थ्य विषयमै केन्द्रित सञ्चारमाध्यम वा सञ्चारकर्मीहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउन आवश्यक प्रकृया गरिनेछ । |
| | ५. | स्वास्थ्य पत्रकारहरूले सम्प्रेषण गर्ने स्वास्थ्य सम्बन्धी सन्देश वा सूचना वा समाचार वा लेखहरूलाई नीतिसंगत बनाउने परिपाटी विकास गरिनेछ । |
| ९.१०. संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरूलाई विभिन्न सञ्चारमाध्यम वा तरिकाहरूबाट सार्वजनिक निजी साझेदारीमा प्रचारप्रसार गर्न | १. | सार्वजनिक निजी साझेदार संस्थाहरूलाई जनस्वास्थ्य र सरसफाइको प्रवर्द्धनको लागि स्वास्थ्य सञ्चार क्षेत्रमा कार्य गर्न प्रोत्साहित गर्न आवश्यक प्रकृया गरिनेछ । |
| | २. | सार्वजनिक निजी साझेदार संस्थाहरूसँग संयुक्त रूपमा कार्यक्रमको योजना बनाउन प्रयास गरिनेछ । |
| | ३. | जनस्वास्थ्य र सरसफाइको प्रवर्द्धन र सञ्चारको क्षेत्र पहिचान गरी संयुक्त लगानीको लागि प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| सहजीकरण र प्रोत्साहित गर्ने । | ४. संस्थागत सामाजिक उत्तरदायित्वलाई सार्वजनिक निजी साझेदारीमा ल्याई स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसार कार्यमा प्रोत्साहित गर्न आवश्यक संयन्त्रको विकास गरिनेछ । |
| ९.११. मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्न सक्ने, अतिरञ्जित वा भ्रामक प्रकृतिका र अनधिकृत कुनैपनि प्रकारका सन्देश वा सूचना प्रचार प्रसार गर्ने कार्यलाई नियमन, नियन्त्रण गर्ने वा रोक लगाउने । | १. स्वास्थ्यलाई प्रतिकूल वा हानिकारक प्रभाव पार्ने व्यक्तिगत वा सामाजिक व्यवहार, औषधीको प्रयोग, उपचार विधि, उपभोग्य वस्तुहरू, सञ्चारका कार्यक्रमहरू, सूचना वा विज्ञापनहरू र अन्य कुनै पनि प्रकारका अनधिकृत प्रचारप्रसारलाई नियमन र नियन्त्रण गरिने वा रोक लगाइनेछ । |
| | २. स्वास्थ्यको लागि हानिकारक प्रचलन वा व्यवहार, वस्तु र उपभोग्य सामग्रीहरूबारे उपभोक्ताहरूलाई सचेत पार्ने र उपभोक्ता स्वास्थ्य हकहितको पक्षमा आवश्यक स्वस्थ्य सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ । |
| ९.१२. सरकारी, गैरसरकारी वा निजी संघसंस्थाहरूले जनतालाई प्रदान गर्ने स्वास्थ्य सेवा, कार्यक्रम, औषधीको उचित उपयोग एवं औषधी र सेवाहरूको शुल्कहरूलाई प्रचारप्रसारमा ल्याई सुसूचित गर्ने एवं पारदर्शी बनाउने । | १. स्वास्थ्य सेवा, औषधी र तीनको शुल्क सम्बन्धमा सूचना पाउने नागरिक अधिकारको बारेमा सञ्चार माध्यम र तरिकाहरूबाट सुसूचित गरिनेछ । |
| | २. सेवा प्रदायक संघसंस्थाहरूले प्रदान गर्ने सेवा, औषधी र तीनको शुल्क बारे नागरिकहरूलाई सुसूचित गराउने व्यवस्था मिलाइनेछ । |
| | ३. सेवा प्रदायक संघसंस्थाहरूले प्रदान गर्ने सेवा, औषधी र शुल्क बारे नागरिकहरूलाई सुसूचित गराए नगराएको सम्बन्धमा अनुगमनलाई प्रभावकारी बनाइनेछ । |
| ९.१३. शारीरिक तथा मानसिक रूपमा अशक्त व्यक्ति र | १. अशक्त मैत्री सेवा, स्याहार प्रदान गर्न र Stigma न्यूनीकरणका लागि पैरवी कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| जेष्ठ नागरिकहरूले पनि स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरू सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउने । | २. जेष्ठ नागरिक मैत्री सेवा र स्याहार प्रदान गर्नका लागि पैरवी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३. अशक्त व्यक्ति र जेष्ठ नागरिकहरूको लागि उपयुक्त सञ्चार माध्यम र तरिका पहिचान गरी सो माध्यम र तरिकाबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने । |
| ९.१४. जीवनशैलीजन्य रोग नियन्त्रण गर्ने र व्यक्तिको सामान्य व्यवहारबाट मानवको दैनिक जीवनयापन सुधार गर्न प्रेरित गर्ने विषयहरूलाई स्वास्थ्य सञ्चार कार्यक्रममा प्राथमिकता दिने । | १. सूर्तिजन्य पदार्थ नियन्त्रण कार्यक्रम रणनीतिक योजना बनाई सञ्चार कार्यक्रम सहित कार्यान्वयन गरिनेछ । |
| | २. मदिरा सेवन नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रको नीति र आवश्यक कानून तर्जुमा गरी सञ्चार कार्यक्रम सहित कार्यान्वयन गरिनेछ । |
| | ३. स्वस्थ खानपान र घरमै हुने पौष्टिक खानाको प्रवर्द्धन एवं खानामा मिसावट निरुत्साह गर्ने सहित सञ्चार कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| | ४. शारीरिक अभ्यास, योगाभ्यास, प्राकृतिक चिकित्सा जस्ता विषयहरूलाई प्रवर्द्धन गर्न स्वास्थ्य सञ्चार कार्यक्रममा प्राथमिकता दिइनेछ । |
| | ५. वातावरणीय स्वास्थ्य तथा सरसफाइ, जनस्वास्थ्य सेवा तथा कार्यक्रम र स्वस्थ व्यवहार प्रवर्द्धन लगायतका दैनिक जीवनयापन सुधार गर्न प्रेरित गर्ने विषयहरूलाई पनि स्वास्थ्य सञ्चार कार्यक्रममा प्राथमिकता दिइनेछ । |
| ९.१५. स्वास्थ्य सञ्चार कार्यक्रमहरूलाई प्रभावकारी ढंगले योजना र कार्यान्वयन गर्नका लागि स्वास्थ्य सेवाका सबै तहका | १. स्वास्थ्य सञ्चारकर्मीहरूलाई स्वास्थ्य सञ्चार सम्बन्धी अभिमुखीकरण, गोष्ठी, अवलोकन भ्रमण, प्राज्ञिक एवं व्यावसायिक तालिम लगायतका कार्यक्रमहरू मार्फत् मानव क्षमता विकास गरिनेछ । |
| | २. आधारभूत भौतिक सामग्रीहरू, अत्याधुनिक विधि र उपकरणहरूको |

| | |
|---|---|
| निकायका स्वास्थ्य प्रवर्द्धन तथा सञ्चारको क्षमता वृद्धि गरी व्यवस्थापन एवं सुशासनको प्रत्याभूति गर्ने । | पर्याप्त व्यवस्था गरी भौतिक र प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ । |
| | ३. स्वास्थ्य शिक्षा र सञ्चारको लागि केन्द्र, क्षेत्र, जिल्ला र समुदायस्तरमा आवश्यक पर्ने थप मानव तथा प्राविधिक श्रोतको व्यवस्था गरिनेछ। क्षेत्रीय स्वास्थ्य निर्देशनालय र जिल्ला स्वास्थ्य/ जनस्वास्थ्य कार्यालयहरूका फाजिलमा परेका स्वास्थ्य शिक्षा टेक्निसियन/अधिकृतहरूको पद पुनःस्थापना गरिनेछ । |
| ९.१६. आम नेपाली नागरिक, खासगरी पहुँच नभएका दुर्गम गाउँमा बस्ने तथा भौगोलिक, जातीय, भाषिक, लैंगिक हिसाबले पछाडि परेका वा पारिएका जनमानस एवं गरिब र सीमान्तकृत नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सन्देश वा सूचना उपयुक्त समय, माध्यम तथा तरिकाबाट प्रदान गर्ने । | १. स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरू संकलन, संरक्षण, आधुनिक व्यवस्थापन, अध्ययन, वितरण र प्रचारप्रसारका लागि विभिन्न तहमा व्यवस्थित पुस्तकालय लगायत श्रोत केन्द्रको विकास, स्थापना र सुदृढीकरण गरिनेछ । |
| | २. स्वास्थ्यसम्बन्धी सन्देश वा सूचना र सामग्रीहरूको लक्षित समूहसम्म प्रभावकारी वितरणका लागि विभिन्न प्रभावशाली व्यक्ति, सञ्जाल र संस्थाहरूलाई समन्वयात्मक रूपमा प्रयोग र परिचालन गरिनेछ । |
| | ३. स्वास्थ्य सञ्चार कायर्यक्रमहरू सन्देश वा सूचनाको पहुँच नभएका नागरिकहरूलाई केन्द्रविन्दुमा राखी योजना र कार्यान्वयन गरिनेछ । |
| | ४. स्वास्थ्य सञ्चार क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्था, बाह्य विकासका साझेदार संस्थाहरू र संयुक्त राष्ट्रसंघ मातहतका निकायहरूलाई गरिब र सेवाको पहुँचबाट बञ्चित दुर्गम वा पिछडिएको क्षेत्रमा स्वास्थ्य सञ्चार कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने । |

| | |
|---|---|
| | ५. सबै सञ्चार माध्यम (वर्गीकरणमा नपरेका समेत) र तरिकाहरूबाट स्वास्थ्य क्षेत्रको आवश्यकता, सञ्चार माध्यमको पहुँच र क्षमताको आधारमा स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गरिनेछ । |
| | ६. शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी र सम्बन्धित अन्य प्रभावशाली व्यक्ति वा निकायहरूलाई परिचालन गरी स्वास्थ्य सन्देश वा सूचनामा लक्षित समूहको पहुँच वृद्धि गरिनेछ । |
| ९.१७. स्वास्थ्य सन्देश वा सूचनाहरू र कार्यक्रमहरू सामाजिक समावेशी, लैंगिक मैत्री एवं अधिकार, तथ्य र लक्षित समूहमा आधारित हुने र सेवासँग सम्बन्धित गर्ने । | १. स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरू सामाजिक समावेशी र लैंगिक मैत्री रूपमा उत्पादन गरी प्रचारप्रसार गर्ने व्यवस्था गरिनेछ । |
| | २. स्वास्थ्य सञ्चार सन्देश वा सूचना, सामग्री र कार्यक्रमहरूको आवश्यकता पहिचान गरिनेछ । |
| | ३. स्वास्थ्यसम्बन्धी सन्देश वा सूचना, सामग्री र कार्यक्रमहरू बारेमा अध्ययन, अनुसन्धान गरी सूचनाहरू अद्यावधिक गरी कार्यक्रमको योजना तर्जुमा गरिनेछ । |
| | ४. मेडिया अवधारण अध्ययनको आधारमा लक्षित समूह पहिचान गरी स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूको पहुँच विस्तार गरिनेछ । |
| | ५. नेपाल स्वास्थ्य अनुसन्धान परिषद, अनुसन्धान संघसंस्थाहरू र प्राज्ञिक संस्थाहरूसँग समन्वय र सहकार्य गरी अध्ययन अनुसन्धान गरिनेछ । |
| | ६. स्वास्थ्य सेवा र कार्यक्रमहरूसँग समन्वय गर्ने, सेवा र लक्षित समूहबीच पुलको काम गर्ने र चाहेको समयमा सन्देश पाउने संयन्त्र विकास गरिनेछ । |

| | |
|---|---|
| ९.१८. अत्याधुनिक सञ्चार प्रविधिलाई स्वास्थ्य सन्देश वा सूचना प्रचारप्रसारका लागि प्रवर्द्धन र प्रयोग गर्ने । | १. नयाँ सञ्चार प्रविधिहरूको पहिचान गरिनेछ । |
| | २. लक्षित समूहको अवधारणा र माध्यमको छनौटको आधारमा सञ्चार प्रविधि प्रयोगमा व्यापकता ल्याइनेछ । |
| ९.१९. स्वास्थ्य प्रवर्द्धन र सञ्चार सम्बन्धी जनशक्ति विकास र उत्पादन गरी गुणस्तरीय स्वास्थ्य प्रवर्द्धन र सञ्चारमा जोड दिने । | १. स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा एवं सञ्चारको प्राज्ञिक तथा पेशागत विकास र उत्पादन गर्न प्राज्ञिक निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २. स्वास्थ्य सेवा र कार्यक्रमका सन्देशहरूको पूर्व अभिमुखीकरणका लागि प्राज्ञिक संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| ९.२०. स्वास्थ्य सञ्चार सम्बन्धी सन्देश र सामग्रीहरूको समग्र उपयोग तथा कार्यक्रमहरूको प्रभावकारीताको अनुगमन एवं मूल्यांकन संयन्त्रको विकास र प्रयोग गर्ने । | १. राष्ट्रिय स्वास्थ्य सञ्चार नीतिको अनुगमन, समीक्षा र निर्देश गर्नका लागि सरोकारवालाहरू सम्मिलित उच्चस्तरीय स्वास्थ्य सञ्चार नीति निर्देशन समिति गठन गरिनेछ । |
| | २. राष्ट्रिय स्वास्थ्य सञ्चार नीतिको प्रभावकारीताको अनुगमन र मूल्यांकन नियमित र आवधिक रूपमा गरिनेछ । |

## १०. संस्थागत संरचना

यो नीति अरु स्वास्थ्य विषयगत सबै स्वास्थ्य सञ्चार नीति तथा रणनीतिहरूको मूल नीति हुनेछ । राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र यो नीतिको समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको केन्द्रिय निकाय हुनेछ । क्षेत्रीय स्तरमा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, जिल्ला स्तरमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय र गाउँ स्तरमा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौकीहरू यो नीति कार्यान्वयन गर्ने स्थायी सरकारी निकायहरू हुनेछन् । केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा (आवश्यकता अनुसार) देहाय

बमोजिम स्वास्थ्य सञ्चार उच्चस्तरीय, समन्वय र प्राविधिक समितिहरू गठन गरी यो नीतिको कार्यान्वयन प्रभावकारी बनाइने छ :–

१०.१. राष्ट्रिय स्वास्थ्य सञ्चार नीतिको प्रभावकारी रूपमा कार्यान्वयनमा सहयोग गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको अध्यक्षतामा सरकारी तथा गैरसरकारी संघसंस्था, नेपाल पत्रकार महासंघ, विषयगत सञ्चार माध्यमका प्रतिनिधिमूलक संघसंगठनका प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघ मातहतका निकाय, बाह्य विकासका साझेदार संस्थाहरू र सम्बन्धित विषयका विशेषज्ञ लगायत सरोकारवालाहरू सम्मिलित एक उच्चस्तरीय स्वास्थ्य सञ्चार नीति निर्देशन समिति रहनेछ। यस समितिले राष्ट्रिय स्वास्थ्य सञ्चार नीतिको कार्यान्वयन सम्बन्धमा अनुगमन, समीक्षा र निर्देश समेत गर्नेछ।

१०.२. उच्चस्तरीय स्वास्थ्य सञ्चार निर्देशन समितिले गरेका निर्णयहरू र नीति कार्यान्वयनमा सहयोग गर्न केन्द्रको हकमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशकको अध्यक्षतामा र क्षेत्र, जिल्ला र आवश्यकता अनुसार स्थानीय स्तरमा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको नेतृत्वमा सम्बन्धित विषयका विशेषज्ञ लगायत सरोकारवालाहरू सम्मिलित स्वास्थ्य सञ्चार समन्वय समिति गठन गरिनेछ।

१०.३. सबै सरकारी वा निजी वा गैरसरकारी संघसंस्था वा संयुक्त राष्ट्रसंघ मातहतका निकाय वा बाह्य विकासका साझेदारहरू वा सञ्चारमाध्यमहरूबाट प्रचारप्रसार ल्याउने स्वास्थ्य सन्देश वा सूचना वा सामग्रीहरूलाई प्रचारप्रसारका लागि सहमति दिने सिफारिस गर्न राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशकको अध्यक्षतामा सम्बन्धित विषयका विशेषज्ञ लगायत सरोकारवालाहरू सम्मिलित स्वास्थ्य सञ्चार प्राविधिक समिति गठन गरिनेछन्। विशेषज्ञता, क्षमता र आवश्यकतालाई विचार गरी केन्द्रको समन्वयमा क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा पनि सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको नेतृत्वमा स्वास्थ्य सञ्चार प्राविधिक समिति गठन गर्न सकिनेछ।

## ११. आर्थिक पक्ष

राष्ट्रिय स्वास्थ्य सञ्चार नीति र यस अन्तरगतका कार्यक्रमहरू केन्द्रदेखि स्थानीय स्तरसम्म कार्यान्वयन गर्न नेपाल सरकारबाट वार्षिक कार्यक्रम मार्फत प्राप्त हुने बजेटनै मुख्य आर्थिक श्रोत हुनेछ। यो नीति कार्यान्वयनको लागि

तर्जुमा गरिएका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने बजेट पनि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रमार्फत परिचालन गरिनेछ। स्थानीय सरकारी निकायहरूलाई पनि स्वास्थ्य सञ्चार क्षेत्रमा बजेट छुट्याई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न पहल र प्रोत्साहित गरिनेछ। यसका साथै स्वास्थ्य क्षेत्रमा कार्य गर्ने निजी, सामुदायिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, गैरसरकारी निकाय, संयुक्त राष्ट्रसंघ मातहतका निकाय र बाह्य विकासका साझेदार संस्थाहरू लगायत सबै सरोकारवालाहरूबाट पनि आर्थिक श्रोत संयोजन र सृजना गरी कार्यक्रम सञ्चालन गर्न पर्याप्त आर्थिक श्रोतको व्यवस्था र परिचालन गरिनेछ।

## १२. कानूनी व्यवस्था

स्वास्थ्यका लागि हानिकारक व्यवहार वा वस्तुहरू लगायत सार्वजनिक रूपमा जथाभावी स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचारप्रसार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचार प्रसार प्रकृयालाई व्यवस्थित गर्न र स्वास्थ्य प्रवर्द्धन तथा सञ्चारका लागि यो नीति कार्यान्वयन गर्न आवश्यक पर्ने कानून र निर्देशिकाहरू तर्जुमा गरी जारी गरिनेछ। यो नीतिको कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षसँग समन्वय गरी विषयगत एवं क्षेत्रगत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइने छ। यो नीति कुनै ऐन, नियम र नीतिसँग बाझिने भएमा संशोधनका लागि प्रकृया थालनी हुनेछ। यो नीति अन्तरगतका रणनीति वा कार्यनीति कार्यान्वयनको क्रममा कुनै कठिनाई उत्पन्न भएमा त्यस्ता रणनीति वा कार्यनीतिलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन वा सुधार गर्न सकिनेछ।

## १३. अनुगमन र मूल्यांकन

स्वास्थ्य सञ्चार कार्यक्रमको अनुगमन र मूल्यांकन स्वास्थ्यसञ्चार नीतिको एउटा अनिवार्य पक्ष हुनेछ। यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अन्तरगतका निकायहरू समेतलाई समन्वयात्मक रूपमा परिचालन गर्दै आवश्यक संयन्त्रको विकास गरी नीति कार्यान्वयनको अनुगमन र मूल्यांकन गर्नेछ। अनुगमन र मूल्यांकन सम्बन्धी गतिविधिहरू देहाय बमोजिम हुनेछन:–

१३.१. स्वास्थ्य सन्देश वा सूचनाहरू प्रचार प्रसारका हरेक क्रियाकलापहरू योजनामुताविक अनुगमन, सुझावहरू संकलन, विश्लेषण गरी र यसको परिणाम अनुसार स्वास्थ्य सञ्चार कार्यक्रमहरूमा आवश्यक सुधारहरू गरिनेछन्।

१३.२. सरकारका केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहका स्वास्थ्य सञ्चारकर्मीहरूलाई स्वास्थ्य सञ्चार कार्यक्रम अनुगमनका लागि आवश्यक अभिमुखीकरण सञ्चालन गरिनेछ। केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहसम्मका रेकर्डिङ, अनुगमन र प्रतिवेदन प्रणालीलाई समयानुकूल सुधार गरिनेछ।

१३.३. स्वास्थ्य सञ्चार कार्यक्रम विकास गर्न, स्वास्थ्यसम्बन्धी ज्ञान, धारणा र व्यवहार पहिचान गर्न, कार्यक्रमहरूको प्रभाव मूल्यांकन गर्न अध्ययन तथा अनुसन्धान गरिनेछ। स्वास्थ्य सञ्चार कार्यक्रमको अनुगमन र मूल्यांकनलाई अझ प्रभावकारी बनाउन स्वास्थ्य सञ्चार सर्भिलेन्स कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१३.४. स्वास्थ्य सञ्चारको अनुगमन र मूल्यांकनलाई अझ प्रभावकारी र पारदर्शी बनाउन जनस्तरबाट अनुगमन र मूल्यांकन गर्ने परिपाटी विकसित गरिनेछ।

## १४. जोखिम

प्रस्तुत नीतिको कार्यान्वयनका सन्दर्भमा सामना गर्नु पर्ने जोखिमलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

१४.१. विभिन्न निकायबाट समन्वय विना, अपारदर्शी र अनधिकृत रूपमा गरिरहेको स्वास्थ्य सन्देश वा सूचनाहरूको प्रचारप्रसार नियन्त्रण गर्ने,

१४.२. स्वास्थ्य सञ्चारमा आमजनताको रुची र चासो अभिवृद्धि गर्ने,

१४.३. स्वास्थ्य सन्देश वा सूचना र सामग्रीहरूमा गुणस्तरीयता कायम राख्ने र त्यसमा लक्षित समूहको पहुँच सुनिश्चित गर्ने,

१४.४. श्रोत, साधनको उपलब्धता र क्षमता अभिवृद्धि गर्ने,

१४.५. प्रभावकारी अनुगमन र मूल्यांकन गर्ने,

१४.६. लक्षित वर्गसम्म स्वास्थ्य सञ्चारकर्मीको उपलब्धता,

१४.७. अन्तरनिकायगत समन्वय प्रभावकारी बनाउन सम्बद्ध साझेदार निकायहरूको आवश्यक सहयोगको अपेक्षा निरन्तर कायम रहने।

*****************